"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं (Reg. No.):

### शुभकामना

मिति: २०८०।०२।१०

आदरणीय महालक्ष्मी नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु,

२०७९ साल वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित भई पदबहाली गरेको आज एक वर्ष पूरा भएको छ । आजको दिनमा म अमूल्य मतदान गरेर विजयी गराउनुहुने आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

जननिर्वाचित स्थानीय सरकार प्रमुखको रुपमा जिम्मेवारी वहन गरिरहँदा संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता, नागरिक स्वतन्त्रता र मौलिक अधिकारका साथै अग्रगामी परिवर्तनको लक्ष्यका लागि भएका आन्दोलन तथा जनआन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने शहीदहरुलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु ।

आवधिक निर्वाचनलाई लोकतन्त्रमा अपरिहार्य मानिन्छ । निर्वाचनको नियमित सुनिश्चितताले मात्र लोकतन्त्रको संस्थागत विकास र कानुनी शासनको स्थापना सम्भव हुन्छ । समष्टिगत रूपमा निर्वाचनलाई देशमा सुशासन, जवाफदेहीपन र जिम्मेवारीपन बढाउने माध्यमका रूपमा लिनुपर्छ भने राष्ट्र निर्माणको अभियानमा आमनागरिकको चाहनालाई समावेश गर्ने प्रक्रियाका रूपमा बुझ्नुपर्ने हुन्छ ।

दिगो विकास, समृद्धि र सुशासनको पहिलो जग नै स्थानीय सरकार हो । कुशल नेतृत्व, नीति निर्माण र पूर्वाधार विकासमा स्थानीय नागरिकको अर्थपूर्ण सहभागिता नै स्थानीय सरकारको परिकल्पना हो । वास्तवमा स्थानीय सरकार जनतासँग प्रत्यक्ष सरोकार राख्ने सबै भन्दा नजिकको इकाई भएकाले सरकार र जनता बीचमा सुमधुर सम्बन्ध कायम गर्ने माध्यम हो ।

महालक्ष्मी नगरपालिकाकामा निर्वाचित भएपश्चात मेरो नेतृत्वको जनप्रतिनिधिहरुले अहरोत्र जनताको सेवा र विकास निर्माण खटिरहेको नगरबासीसामु छर्लङ्ग नै छ । नवनिर्वाचित जनप्रतिनिधिले निर्वाचनमा गरेका वाचाहरु पूरा गर्न गत वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत काम सुरु गरिसकेको पुनः स्मरण गराउन चाहन्छु । विकास, सेवा प्रवाह र सुशासनमा अझै खरो उत्रन आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटलाई जनमुखी बनाउने प्रयत्न सुरु गरेको जानकारी गराउन पाउँदा खुसी लागेको छ ।

प्रशासकीय भवनको निर्माण, सिटी हल निर्माणदेखि अन्तर स्थानीय तह जोड्ने सडक, नगरभित्रका विभिन्न वडा जोड्ने सडक निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ । वर्षौंदेखि रोकिएका सडक कालोपत्रेको काम तीब्र भइरहेको नगरबासीलाई जानकारी नै छ । नगरबासीको साथ र सहयोगले हात्तीवनदेखि ग्वार्कोसम्मको कर्मनासा करिडोर खुलाउने अभियान सफल भएको छ ।

महालक्ष्मी नगरपालिकामा परम्परागत कला, संस्कृति, सम्पदाले धनी रहेको छ । सम्पदाहरुको पुनर्निर्माण, जीर्णोद्वारदेखि साँस्कृतिक रक्षाका लागि नगरपालिकाले विशेष प्राथमिकतामा राखेको छ ।

नगरपालिकालाई शिक्षा र स्वास्थ्य हबका रुपमा विकास गर्ने, खानेपानीको एकीकृत आयोजना सञ्चालन गर्ने, खेलकुदको विकास, फोहोर व्यवस्थापन, उद्यमको विकास, महिला तथा बालबालिका लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लैजाने नीति कार्यान्वयनमा रहनेछ ।

अन्त्यमा, विकास, सुशासन र सेवा प्रवाहमा आगामी दिनमा पनि नगरबासीबाट रचनात्मक साथ र सहयोगको अपेक्षा गर्दै नगरपालिकालाई मुलुककै नमूना नगरपालिको रुपमा विकास गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

हरिगोविन्द श्रेष्ठ
नगर प्रमुख